प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. १
विराटनगर नेपाल

# प्रेस विज्ञप्ती

आज मिति २०७६ साल भाद्र महिनाको १६ गते संविधान दिवस -२०७६ मनाउने सन्दर्भमा माननीय मुख्यमन्त्री शेरधन राईज्यूको अध्यक्षतामा वसेको वैठकले गरेका निर्णयहरु यस प्रकार रहेका छन् ।

१. माननीय मुख्यमन्त्री शेरधन राईज्यूको अध्यक्षतामा १५० सदस्यीय **प्रदेश मूल समारोह समिति** गठन भएको ।
२. माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा १४ सदस्यीय **प्रचार प्रसार उपसमिति** गठन भएको ।
३. विराटनगर महानगरपालिकाका प्रमुखको संयोजकत्वमा १० सदस्यीय **मञ्च व्यवस्थापन तथा सजावट उपसमिति** गठन भएको ।
४. प्रमुख जिल्ला अधिकारी, मोरङको संयोजकत्वमा ११ सदस्यीय **ग्राउण्ड, कवाज, व्यायाम तथा झाँकी व्यवस्थापन उपसमिति** गठन भएको ।

५. संविधान दिवसको उपलक्ष्यमा देहाय वमोजिमको कार्यक्रम तय भएको ।

**क. असोज २ गतेको कार्यक्रम**

१. प्रदेश राजधानी भित्रका सबै सरकारी कार्यालय, विराटनगर महानगरपालिका, संस्थानहरु तथा विभिन्न स्थानहरुमा राष्ट्रिय झण्डा एवं व्यानर सजाई नगरको श्रृंगार र सरसफाई गर्ने ।
२. प्रदेश भरिका सरकारी कार्यालय, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाले आ-आफ्नो कार्यालय परिसरमा, सगरमाथा टिन्स् क्लवहरुले आ-आफ्नो विद्यालय तथा आम नागरिकले घर घरमा सरसफाई गर्ने ।
३. साँझ दिपावली गर्ने ।
४. संविधान दिवसलाई भव्यताका साथ मनाउन आन्तरिक मामिला तथा कानून मन्त्रालयले देहाय वमोजिमको कार्यहरुको समन्वय गर्ने,
   क. नेपालको संविधानको विषयमा केन्द्रित रही विशेष परिसंवाद, संवाद लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रकाशन तथा प्रशारण गर्ने व्यवस्था मिलाउने,
   ख. नेपाल टेलिभिजन, रेडियो नेपाल एवं निजि क्षेत्रका अन्य सञ्चार माध्यमबाट संविधानको महत्वका बारेमा कार्यक्रम प्रकाशन तथा प्रशारण गराउने ।
५. संविधान दिवसका अवसरमा सामाजिक विकास मन्त्रालयले देहाय वमोजिमका कार्यहरु गर्ने,
   क. प्रदेश भरीका सामाजिक संघ संस्थाहरुलाई समेत परिचालन गरी रक्तदान, अस्पतालमा बिरामीहरुलाई फलफुल वितरण, जेष्ठ नागरिक घर (वृद्ध आश्रम) मा फलफुल वितरण जस्ता सामाजिक कार्य गर्ने व्यवस्था मिलाउने,
   ख. प्रदेशभरीकाविद्यालयहरुमा संविधानका प्रावधानहरुका विषयमा निवन्ध, वक्तृत्वकला, कविता लगायतका रचनात्मक प्रतियोगिता सञ्चालन गराउने,
   ग. जनस्वास्थ्य कार्यालय र नेपाल रेडक्रसको समन्वयमा प्रदेश नं. १ भरी खुल्ला रक्तदान कार्यक्रम गर्ने।

उपसचिव

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १ विराटनगर नेपाल

६. संविधान दिवसका अवसरमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले देहाय वमोजिमका कार्यहरु गर्ने
   क. वृक्षारोपण कार्यक्रम गर्ने (फलफुलका विरुवाहरुलाई प्राथमिकता दिने)

७. साँझ दिपावली गर्ने ।

८. संविधान दिवसका अवसरमा स्थानीय तहहरुले देहाय वमोजिमका कार्यहरु गर्ने
   ख. कार्यपालिका कार्यालय, वडा कार्यालय, सार्वजनिक स्थानहरुमा वृहत सरसफाई तथा साँझ दिपावली गर्ने,
   ग. पालिका भित्रका शिक्षण संस्थाहरुमा संविधानका सवल पक्षहरु उजागर गर्ने निवन्ध, कविता, बक्तृत्वकला, खेलकुद प्रतियोगिताहरु गर्न आवश्यक समन्वय गर्ने
   घ. संविधान दिवसका दिन राष्ट्रिय झण्डा प्रयोग सम्बन्धीको मापदण्डको अधिनमा रही सर्वसाधारण जनताको घर आगँनमा राष्ट्रिय झण्डा राख्न प्रोत्साहन गर्ने तथा आवश्यक समन्वय गर्ने गराउने।

**ख. असोज ३ गतेको कार्यक्रम**

१. सूर्योदयका साथ नेपाली सेनाद्वारा विगुल(रिभाली) बजाउने ।
२. राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता लोकतन्त्र र संविधान निर्माणका लागी आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सहिदहरुको आत्माको चिर शान्तिका लागि राष्ट्रका तर्फबाट उच्च सम्मान र श्रद्धाञ्जली प्रकट गर्दै विभिन्न धार्मिक संघ संस्थाहरुबाट विभिन्न मठ, मन्दिर,चर्च,मस्जिद, बुद्ध विहार, गुरुद्वारा लगायत विभिन्न स्थानहरुमा पूजापाठ तथा प्रार्थनाको कार्यक्रम संचालन गर्ने ।
३. नेपालको राष्ट्रिय झन्डा प्रदेश भित्रका सबै जिल्ला सदरमुकाम र महत्वपुर्ण स्थानमा स्थायी प्रबन्ध गरी फरफराउने कार्यको शुरुवात गर्ने ( विराटनगर विमानस्थलमा माननीय मुख्यमन्त्रीज्यू बाट शुभारम्भ गर्ने ) ।
४. नेपाल टेलिभिजन, रेडियो नेपाल,तथा अन्य विभिन्न सञ्चार माध्यमद्वारा संविधान दिवससम्बन्धी समाचार बुलेटिन, अन्तरकृयात्मक परिसम्वाद तथा समाचारमूलक सामग्री प्रसारण गर्ने ।
५. प्रभातफेरी :- विहान ७ बजे आदर्श माविबाट शुरु भई जिल्ला प्रशासन – गोल्छा मोड – रंगेली रोड– अस्पताल चोक हुदै शहिद रंगशालामा पुगी सभामा परिणत हुने ।
६. साँझ दिपावली गर्ने ।

**ग. <u>असोज ४ गतेको कार्यक्रमः</u>**

१. प्रदेश नं. १ का सबै १४ जिल्लाहरुमा वृक्षारोपण कार्यक्रम (फलफूल विरुवा रोप्ने) गर्ने ।
२. जनस्वास्थ्य कार्यालय र नेपाल रेडक्रसको समन्वयमा प्रदेश नं. १ भरी खुल्ला रक्तदान कार्यक्रम गर्ने।
३. साँझ दिपावली गर्ने ।

**घ. <u>प्रस्तावित अन्य कार्यक्रमहरु :</u>**

१. नेपाल टेलिकमले असोज ३ गते SMS बाट संविधान दिवस २०७६ को शुभकामना दिन र सर्वसाधारणलाई विहान ८:०० बजे शहिद रंगशाला, विराटनगरमा आमन्त्रण गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने गरी लेखी पठाउने ।
२. "समृद्ध नेपाल, सुखी नेपाली" र "स्वच्छ, सुखी, समुन्नत प्रदेश" को थिम र संविधान सम्बन्धी जिङ्गल तयारी गरी रेडियो तथा टेलिभिजनमा प्रसारण गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने गरी लेखी पठाउने ।



सचिव

३. असोज ३ गतेको शहिद (मैदान) रंगशालामा हुने औपचारिक कार्यक्रममा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकारका कर्मचारीहरुलाई अनिवार्य रुपमा उपस्थित गराउन आन्तरिक मामिला तथा कानून मन्त्रालयले मन्त्रालय/आयोग/स्थानीयतह/जिल्ला समन्वय समिति, सरकारी निकायहरुलाई पत्राचार गर्ने ।

४. असोज ३ गते कार्यक्रममा प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्य र महानगरपालिकाका जनप्रतिनिधिहरुलाई आमन्त्रण आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने र सोको लागी मञ्चमा थप कुर्सी (सिट) को व्यवस्थापन विराटनगर महानगरपालिकाले गर्ने ।

५. नेपालको संविधानको पुस्तक अंकित शिलालेख तयार गरी विराटनगर स्थित प्रदेश सभा भवन सचिवालय अगाडिको बगैंचा र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अगाडि राख्ने व्यवस्था मिलाउने कार्यको थालनी गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने ।

६. राष्ट्रिय, प्रादेशिक एवम् स्थानीयस्तरका विद्युतिय तथा छापा माध्यमहरुबाट संविधान दिवस मनाउने अपिल गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने गरी लेखी पठाउने ।

**ङ. असोज ३ गते शहिद रंगशाला मञ्चमा हुने उपस्थितिको कार्यक्रमः**

संविधान दिवस प्रदेश मूलसमारोह समितिका अध्यक्ष तथा सदस्यहरु,राजनैतिक दलका नेता तथा कार्यकर्ताहरु, नेपाल सरकार, प्रदेश सरकारका निजामती, प्रहरी, जंगी तथा संस्थानका कर्मचारी, प्राध्यापक, शिक्षक, विद्यार्थी, खेलाडी, युवक, मजदुर, किसान, महिला, सामाजिक संघ संस्थासँग आवद्ध पदाधिकारीहरु एवम् नागरिक समाज र उद्योगी व्यवसायीका साथै क्रियाशिल सम्पूर्ण सामाजिक संघ संस्थाका पदाधिकारी तथा सदस्यहरु र सर्वसाधारण प्रदेशवासी सम्पूर्ण महानुभावहरु विहान ७:०० बजे प्रभातफेरी मा सामेल हुन आदर्श मा. वि. विराटनगरमा जम्मा भई आदर्श मा.वि.-जिल्ला प्रशासन-गोल्छा मोड-रंगेली रोड-अस्पताल चोक हुदै शहिद रंगशालामा पुगी सभामा परिणत हुने ।

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १ विराटनगर नेपाल

कमल बहादुर थापा
प्रवक्ता
**उपसचिव**